जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १६० २०८२ साल माघ १० गते शनिबार (24 Jan 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : 'भगवान् बेचैरै परिवार ... ३ पृष्ठमा : वैदेशिक विकास सहायता ... ३ पृष्ठमा : अमेरिकाको डब्लुएचओबाट ...

# सप्तरीको चार वटै निर्वाचन क्षेत्रमा रोचक प्रतिष्पर्धा हुने






**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

सप्तरीको चार वटै निर्वाचन क्षेत्रमा यसपाली रोचक प्रतिष्पर्धा हुने भएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधीसभा सदस्य निर्वाचनका चार वटै क्षेत्र गरि लागि कुल १ सय २ जना उम्मेदवार प्रतिष्पर्धामा छन्।

क्षेत्र नं. १ मा स्वाभिमान पार्टीबाट उम्मेदवार बनेका युवा नेता ई.सुमित साह, जनमत पार्टीका तर्फबाट डा.जयकान्त राउत, नेपाली काँग्रेसका जिल्ला सभापती रामदेव साह, नेकपा एमालेका नेता सुमनराज प्याकुरेल, रास्वपाकी पुष्पा चौधरीबीच मुख्य रुपमा प्रतिष्पधा हुने स्थानीय मतदाताहरुको भनाई छ।

यस क्षेत्रमा अघिल्लो निर्वाचनमा जसपा नेपालका तर्फबाट उम्मेदवार भएका नवल किशोर साहले जितेका थिए। यसपल्ट उनका छोरा ई.सुमित नयाँ दल स्वभिमान पार्टीबाट उम्मेदवार बनेर चुनावी मैदानमा ओर्लेका छन। यस्तै सोही क्षेत्रबाट नेकपा एमालेका नेता प्याकुरेल र नेपाली काँग्रेस सप्तरीका सभापति समेत रहेका नेता साह र जनमत पार्टीका नेता डा. राउत यसअघि पनि चुनावमा उम्मेदवार भइसकेका छन्।

सप्तरी क्षेत्र नं. २ मा जनमत पार्टीका अध्यक्ष डा.सिके राउत चुनावी मैदानमा छन। अघिल्लो निर्वाचनमा भारी मतान्तरले विजयी भएका थिए। अघिल्लो निर्वाचनमा उनकै पार्टीबाट यस क्षेत्रमा प्रदेश सभासदस्यमा जितेर मुख्यमन्त्री समेत भइसकेका सतिष कुमार सिंह नयाँ दल स्वभिमान पार्टीबाट यसै क्षेत्रबाट उम्मेदवारी दिएका छन। यस्तै जनमत पार्टी छाडेर जनअधिकार पार्टी खोलेका राष्ट्रिय अध्यक्ष शरद सिह यादव पनि यसै क्षेत्रबाट उम्मेदवार बनेका छन्। यो क्षेत्रमा हाल सम्म सांसद दोहोरिएको इतिहास छैन। यस क्षेत्रबाट रास्वपाका यूवा नेता रामजी यादव, जसपा नेपालबाट पूर्व मन्त्री उमेश प्रसाद यादव, नेपाली काँग्रेसबाट जिल्ला उपसभापती राम कुमार यादव, नेपाल जनता पार्टीबाट पूर्व प्रतिनीधी सभासदस्य एवं महामन्त्री रञ्जु ठाकुर, राष्ट्रिय मुक्ती पार्टीबाट पूर्व मन्त्री अनिस अन्सारी, नेकपाबाट सुर्यनाथ यादव, उज्यालो नेपाल पार्टीका डा दिपक चौधरी पनि प्रतिष्पर्धामा देखिएका छन।

सप्तरी क्षेत्र नं. ३ मा एमालेबाट ताराकान्त चौधरी चुनावी मैदानमा ओर्लेका छन भने उनका भतिजा अमरकान्त चौधरी रास्वपाबाट उम्मेदवार बनेका छन। काका-भतिजा आमने सामने भएपछि चुनावमा रोचक प्रतिस्पर्धा देखिएको स्थानीय मतदाताहरु बताउँछन। यस क्षेत्रमा अघिल्लो चुनावमा नेपाली काँग्रेसका दिनेश कुमार यादले ताराकान्त चौधरीलाई हराउँदै बाजी मारेका थिए। यादव यस पल्ट पनि काँग्रेसको तर्फबाट चुनावी मैदानमा छन। यस क्षेत्रबाट जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव पनि चुनावी मैदानमा छन। उनको प्रवेशले चुनावलाई थप रोचक बनाएको छ। यहाँ जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, नेपाली काँग्रेसका दिनेश कुमार यादव, एमालेका ताराकान्त चौधरी, राष्ट्रिय मुक्ती पार्टी नेपालका सहमहासचिव गजेन्द्र कुमार मण्डल र रास्वपाका अमरकान्त चौधरी बीच मुख्य प्रतिस्पर्धा हुने मतदाताको आकलन छ।

*बाँकी तीन पृष्ठमा*

# एक करोड ४२ लाख आठ हजार थान मतपत्र छापियो

काठमाडौँ, ९ माघ (रासस)।

जनक शिक्षा सामग्री केन्द्रले हालसम्म कुल एक करोड ४२ लाख आठ हजार थान मतपत्र छपाई गरेको छ।

केन्द्रले उपलब्ध गराएको विवरणअनुसार पछिल्लो २४ घण्टामा मात्र ११ लाख १६ हजार थान मतपत्र छपाई भएको छ। कुल दुई करोड आठ लाख तीन हजार थान मतपत्र छपाई गर्नुपर्ने केन्द्रले जनाएको छ।

त्यसैगरी, कुल ११ हजार ४७८ बाकस मतपत्र प्याकिङ भएको छ। पछिल्लो २४ घण्टामा मात्र एक हजार २२६ बाकस प्याकिङ भइसकेको केन्द्रले जनाएको छ। केन्द्रले एक करोड ९८ हजार २०० थान नमूना मतपत्र आयोगमा पठाएको छ।

# मोटरसाइकल एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, ९ माघ ।**

रौतहट जिल्लाको जिल्लाको राजदेवी नगरपालिका १ पथराटोलमा दुईवटा मोटरसाइकल एकापसमा ठोक्किँदा दुईजनाको मृत्यु भएको छ।

शुक्रबार बिहान गौर–पिपरा भित्री सडकखण्डमा गङ्गापिपराबाट गौरतर्फ आउँदै गरेको प्र.२-०३-०१८ प ३३४६ नंको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको बिआर ३०एएफ २३७० भारतीय नम्बरको मोटरसाइकल एकापसमा ठोक्किँदा दुवै जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप बस्यालले जानकारी दिए।

मृत्यु हुनेमा प्र २-०३-०१८ प ३३४६ नंको मोटरसाइकल

*बाँकी दुई पृष्ठमा*

# उम्मेदवार खरेललाई तीन दिनभित्र स्पष्टीकरण पेस गर्न आयोगको निर्देशन

काठमाडौँ, ९ माघ (रासस)।

निर्वाचन आयोगले राष्ट्रिय स्वतन्त्र पार्टी दोलखाका उम्मेदवार जगदीश खरेललाई तीन दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिएको छ।

आयोगका कानुन अधिकृत मोहनराज जोशीका अनुसार यही माघ ६ गतेका दिन उम्मेदवारी दर्ताका क्रममा तोकिएको भन्दा बढीको जुलुस लिएर गएको पाइएकाले स्पष्टीकरण पेस गर्न भनिएको छ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा १ को व्यवस्थाको प्रतिकूल हुनेगरी दलको झण्डा प्रयोग र आचारसंहितामा तोकेको भन्दा बढीको जुलुस लिएर गएको हो वा होइन भन्ने विषयमा स्पष्टीकरण पेस गर्न भनिएको छ।

तोकिएको समयभित्रै आफैं वा आफ्नो प्रतिनिधिमार्फत आयोगमा प्राप्त हुने गरी स्पष्टीकरण पेस गर्न भनिएको आयोगले जनाएको छ।

# क्षेत्र नं. ४ बाट दुई जनाले लिए उम्मेदवारी फिर्ता

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

सप्तरी क्षेत्र नं. ४ बाट स्वतन्त्र उम्मेदवारद्वय सुरेन्द्र प्रसाद साह र कृतिनन्द चौधरीले उम्मेदवारी फिर्ता लिएका छन्।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि यस क्षेत्रबाट २७ जनाले उम्मेदबारी दिएका थिए। दुई जनाको उम्मेदवारी फिर्ता भएसँगै यस क्षेत्रमा २५ जनाको उम्मेदवारी कायम रहेको छ।

यसअघि सप्तरी क्षेत्र नं. १ बाट एक जनाको उम्मेदवारी रद्द गरिएको थियो। जिल्लाको क्षेत्र नं. १ बाट नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट उम्मेदवारी दिएका सागर कुमार चौधरीको उम्मेदवारी रद्द गरिएको हो। उक्त पार्टीबाट सागर संगै रविन्द्र चौधरी समेत दुई जनाले उम्मेदवारी दिएका थिए।

नेपाली कम्युनिष्ट पार्टीका आधिकारिक उम्मेदवार रविन्द्र चौधरी नै भएको छानबिनबाट देखिदा सोही पार्टीबाट उम्मेदवारी दिएका अर्का उम्मेदवार सागर कुमार चौधरीको उम्मेदवारी रद्द गरिएको क्षेत्र नं. १ का निर्वाचन अधिकृत जानकी रमण यादवले जानकारी दिए।

क्षेत्र नं. १ मा विभिन्न पार्टी र स्वतन्त्र गरी २१ जना तथा क्षेत्र नं. २ मा ३४ र क्षेत्र नं. ३ मा २२ जना गरि सप्तरीमा चार वटै क्षेत्रमा अब १ सय २ जनाको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालय राजविराजले जनाएको छ।

**सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।**

**सार्वजनिक निकायले,**

- आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नु पर्दछ।
- त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ।
- सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ।
- सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो बरियताको अधिकारी हुनु पर्दछ।
- सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोबाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेव साइटमा राख्नु पर्दछ।
- कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ।

नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### स्वास्थ्य नै धन

हरेक व्यक्ति स्वास्थ्यप्रति ध्यान दिएमा बिरामी हुनबाट जोगिन सक्छ । यस्ता समस्यामाथी सर्वप्रथम स्वास्थ्य क्षेत्रले ध्यान दिनुपर्छ । स्वास्थ्य नै धन हो भन्ने मूल मर्मलाई आत्मसाथ गर्दै हरेक व्यक्ति विहान र साँझपख घर आङ्गन सरसफाई गर्नेतिर ध्यान दिइरहेको हुन्छन् । ती फोहरलाई मोहर पनि बनाउन सकिन्छ । मानवका लागि स्वास्थ्य अति महत्वपूर्ण रहेको छ । यसप्रति हरेक व्यक्ति सम्वेदनशल हुनु जरुरी छ ।

प्रत्येक महिना नगरका सरसफाईमा लाखौलाख रुपैया खर्च हुने गर्दछ । सरसफाई गरेपनि फोहरको अवस्थामा खासै सुधार नहनुको कारण के हो त ? यस्ता समस्या प्रति हरेक नगरवासीले मनन् गर्नुपर्ने अवस्था छ । नगरको सरसफाई कार्यक्रमा नगरपालिका जति लागेपनि समाधान हुन सकिरहेको छैन । नगरको सरसफाई र नगरवासी बिच नङ्ग र मासु जस्तै सम्बन्ध रहेको छ। हरेक वार्डहरुमा यी समस्याले घेरिएका छन् । यस्ता सरसफाई समस्या समाधन गर्नका लागि नगरपालिकाले दैनिक फोहोर संकलन गर्न गाडी र सुईपरहरुलाई खटाएको देखिन्छ। अहिले सडकमा फोहोर संकलन गर्ने कन्टिनर नभएका कारण अधिकांश फोहार सडकमा फोहर संकलन गर्ने कन्टीनर नभएका कारण अधिकांश फोहर सडकका नालामा फ्याकिने गरेको देखिन्छ ।

तसर्थ चेतना र सक्रियता भए मात्र नगरका सडक र टोलमा सरसफाई कार्य सुधारात्मक बन्न सक्छ। यसका लागि सम्बन्धित निकायका साथै सबैले यसका लागि चासो देखाउनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'भगवान् बेचेरै परिवार पालेँ, पाप हो या पुण्य थाहा छैन'

**जुनु भट्टराई**
विराटनगर, ९ माघ (रासस) ।

चाउरी परेका गाला, निधारभरि उमेरका रेखा तर अनुहारमा कहिल्यै नओइलाउने मीठो मुस्कान । उमेरले आठ दशक नाघ्नै लागे पनि जोस र आत्मविश्वास भने अझै जवान छ । विराटनगर-बरगाछीस्थित जय माँ काली मूर्तिकला केन्द्रभित्र पस्ने जो-कोहीलाई पहिलो नजरमै लाग्छ–यो कुनै थाकेको वृद्धको संसार होइन, आफ्नै श्रम र विश्वासले बनाएको एउटा जीवित कलाको दुनियाँ हो । यही संसारका सर्जक हुनुहुन्छ, ८० वर्षीय दिनेशकुमार मेहेतो ।

हातमा माटो, आँखामा भगवान्को आकृति र मनमा निरन्तर सिर्जनाको ऊर्जा बोकेर बसेका मेहेतोको दिन आज पनि उस्तै व्यस्त छ । बिहानदेखि साँझसम्म मूर्तिकलामै डुबिरहने उहाँको जीवनशैली हेर्दा उमेरले कहिल्यै छोएन जस्तो लाग्छ । "उहाँको जोस देख्दा १६-१७ वर्षे युवासँग तुलना गर्न मन लाग्छ," छिमेकीहरू उहाँलाई देखेर भन्छन्, "वर्षौंदेखि उही लगन र मिहेनत देख्छु, उहाँको काममा थाक्ने नामै छैन ।"

झन्डै साढे चार दशकअघि सुरु गरिएको मूर्तिकला व्यवसाय आज मेहेतोका लागि केवल जीविकोपार्जनको साधन मात्र होइन, जीवनकै अर्थ बनेको छ । परिवारको खुसी, आस्थाको सम्मान र आत्मसन्तुष्टिको संसार उहाँले यही कार्यशालाभित्र सजाउनु भएको छ । माटोबाट देवता बनाउने यो यात्रामा उहाँले समय, स्वास्थ्य र उमेरको सीमा कहिल्यै मापन गर्नुभएन । असी वर्ष पुगिसक्दा पनि उहाँ आफ्नो पेसा र भविष्यप्रति ढुक्क देखिनुहुन्छ । "जबसम्म श्वास छ, यही काम गर्छु," मेहेतो आत्मविश्वासका साथ भन्नुहुन्छ, "आफ्नो सुझबुझले भ्याएसम्म भगवान्को मूर्ति बनाएर बस्छु । अब जतिन्जेल बाँच्छु, यही पेसा चल्छ । बाँचुन्जेल यही मूर्ति बनाएर खान्छु ।"

उहाँको यो भनाइ केवल शब्द होइन, जीवनभरको अभ्यास र विश्वासको प्रतिफल हो । बरगाछीको यो सानो मूर्तिकला केन्द्र मेहेतोका लागि पसल मात्र होइन, यो उनको साधना, पहिचान र जीवन यात्राको साक्षी हो । उहाँको जोस देख्दा यस्तो लाग्छ, उहाँले संसार जितिसक्नुभएको छ । त्यही आफूले जितेको संसार आफ्नो दुनियाँमा सजाएर परिवारलाई खुसी बाँडिरहनुभएको छ ।

झन्डै साढे चार दशक अगाडि मूर्तिकला व्यवसाय शुरु गर्नुभएका मेहेतोलाई अझै पनि आफ्नो श्वास रहुन्जेल यही पेसालाई निरन्तरता दिएर गुजारा चलाइन्छ भन्ने लागेको छ । कर्म सबैगस्ले गर्छन्, कर्म गर्नेहरू त्यही कर्मलाई पूजा ठान्छन् तर दिनेशका लागि भने पूजा नै कर्म हो । बिहान उठेर नित्यकर्म सकेपछि उहाँको दैनिकी यही मन्दिर बनाउने कलाबाट सुरु हुन्छ र दिनको अन्त्य पनि । यही मूर्तिकला नै आफ्नो संसार भएको बताउँदै दिनेश भन्नुहुन्छ, "जेठो छोरो नै ४० कटिसक्यो, त्यसबेला देखिको सङ्घर्ष अहिलेसम्म पनि उस्तै नै छ । तर सङ्घर्षले थकान दियो तर पीडा भने कहिल्यै दिएन ।"

मेहेतोको १० जनाको परिवारको सबै आर्थिक भार थेग्दै आएको छ मूर्तिकला व्यवसायले । सुरुसुरुमा एक्लैको सीपले जेनतेन परिवार पाल्दै आएका मेहेतो छोराहरू हुर्किँदै गएपछि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको बताउनुहुन्छ । छोराहरू सानो हुँदै गर्दा उहाँको काममा श्रीमतीले पनि सहयोग गर्नुहुन्थ्यो । पछि छोराहरूले सीप सिकेपछि उनीहरूले पनि बुबालाई साथ दिन थालेका छन् । यो पेसामा मात्र होइन, हरेक पेसामा दुःख, अप्ठ्यारो जस्ता साह्रोगाह्रो सबैलाई हुने कुरा भएकाले आफूहरूलाई त्यस्ता कुराले कहिल्यै हतास नभएको महतो बताउनुहुन्छ ।

दिनेशका तीन छोरामध्ये जेठो राकेश पहिलेदेखि नै बाबुको सीपलाई सिकेर बाबुकै केन्द्रको काम सम्हाल्दै आउनुभएको छभने माइला छोरा नितेश सात वर्षपहिले गाडी तथा सिटी सफारी चलाउने काम गर्नुहुन्छ । हाल उहाँ पनि बाबुकै व्यापारमा सहयोग गरिरहनुभएको छ भने कान्छो छोरा केन्द्रबाट नै आल्मोनियमको काम गर्दै आउनुभएको छ ।

दिनेशका माहिला छोरा नितेश आफूले बुझ्ने भएदेखि बुबाहरू यति मूर्तिकलाको काम गर्दै आउनुभएकाले यो पेसाप्रति छुट्टै प्रकारको लगाव भएको बताउनुहुन्छ । बुबाको यो पेसाप्रतिको लगन र प्रेम देखेपछि आफूलाई अन्य पेसामा जान मन नलागेका कारण आफूले पनि यही सीप सिकेर काम सुरु गरेको बताउनुहुन्छ । निकेश भन्नुहुन्छ, "बुढा हुनुभएको बाबु दिनरात मिहेनतका साथ काम गरिरहनुभएको छ, समयमै माग दिन नसकिरहेको अवस्थामा आफूले कसरी अन्यत्र काम गर्नु ? मनले मानेन त्यसैले बुबाकै व्यवसायमा सहयोग गर्छु भनेर यतै सुरु गरे ।"

मूर्ति निर्माणका लागि आवश्यक पर्ने कच्चापदार्थको रूपमा माटो पराल सुत्ली ( सनपाटको डोरी) काँटी, सजावटको कपडा, मुकुट कपालजस्ता विभिन्न प्रकारका नक्कली गहनाहरू भारतको सिलगुडीबाट ल्याउने गरेको नितेश बताउनुहुन्छ । "पराल त यही ठेलाले ल्याइदिन्छ", नितेश भन्नुहुन्छ, "मूर्तिमा लगाउने सम्पूर्ण शृङ्गारका सामग्री र रङहरू भने हामी सिलगुडीबाट ल्याउने गरेका छौँ ।"

वर्षौंदेखि एकै ठाउँमा एउटै व्यक्तिले व्यावसायिक रूपमा मूर्ति बनाउँदै आएकाले बजारको समस्या छैन । वर्षको एक लाख १० हजार भाडा तिरेर परिवार पाल्न कुनै समस्या नरहेको दिनेश बताउनुहुन्छ । केही वर्षयता भने पहिलेको जस्तो मूर्तिको माग नआएको निकेश बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिलेजस्तो माग नभए पनि परिवारमा अन्य सदस्यहरूबाट पनि केही आयस्रोतका बाटोहरू भएकाले चिन्ता लिनुपर्ने अवस्था भने छैन ।"

कतिपय ग्राहकहरू मूर्ति बनाउन माग दिएर जान्छन् तर फर्केर आउँदैनन्, त्यस्तो अवस्थामा भने उनीहरूलाई निकै असहज हुने गर्दछ । "सुरुमै सम्पूर्ण भुक्तानी लिन सकेको खण्डमा सबै समयमै आएर आफ्नो मागअनुसार सामान लान्छन्, नितेश भन्नुहुन्छ, "थोरै अग्रिम भुक्तानी लिएर काम गर्दा सामान खरिद गर्नै अन्य पैसा थप्नुपरेको हुन्छ, त्यसमाथि सामान लिन नआइदिँदा हामीलाई सिधै घाटा हुने गर्दछ ।" कोरोनाको समयपछि भने व्यवसाय पहिलेजस्तो नभएको उहाँ सुनाउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "कोरोनाको समय सन्त्रासको कारण सार्वजनिक स्थलमा मानिसको चहलपहल नहुँदा भने गुजारा चलाउन केही कठिन भएको थियो ।"

वैशाखबाट सुरु गरे पनि माघसम्म मूर्तिकलाको काममा निकै व्यस्त समय हो । माघदेखि वैशाखसम्म फेरि व्यापार सुख्खा हुन्छ । यो छ महिना बेमौसममा पनि बाबुले व्यापार धान्ने गर्नुभएको छ । कहिलेकाहीँ दिनेशलाई आफूले बनाएको मूर्ति बेच्दा खल्लो लाग्ने गरेको बताउनुहुन्छ । "हामी देवीदेउताका मूर्ति बेचेर खाँदैछौं, त्यो पाप नै होला नि ?" बाबुले यति भनिरहँदा छोरा नितेश भने भने आफूहरूलाई मूर्ति बनाएर बाँच्नु भनेर भगवान्ले आशीर्वाद स्वरुप कला दिएको बताउनुहुन्छ ।

केन्द्रमा भगवान्का मूर्तिहरू मात्रै आँखामा पर्दैनन्, कुनामा सजाएर राखिएका माटोका चुला, परम्परागत भाँडाकुँडा, स-साना सजावटी सामग्री र दैनिक प्रयोगमा आउने कलात्मक वस्तुहरूले पनि ध्यान तान्छन् । यी सामग्रीहरूले जय माँ काली मूर्तिकला केन्द्रलाई केवल मूर्तिको पसल होइन, माटोबाट बनेको एउटा जीवन्त संस्कृति सङ्ग्रहालय जस्तै बनाइदिएका छन् । यी अधिकांश कलात्मक सामग्री दिनेशकुमार मेहेतोकी श्रीमतीको हातको सीप हुन् । उहाँ फुर्सदका क्षणलाई खाली बस्न नदिई माटोसँग खेल्दै सिर्जनामा लगाउने गर्नुहुन्छ । "मूर्ति बनाउने काम उहाँको हो, अरू सामग्री म बनाउँछु," दिनेशकी श्रीमती सहज रूपमा भन्नुहुन्छ । घरायसी जिम्मेवारी र पारिवारिक कामकाजबीच उहाँले समय निकालेर बनाएका माटोका सामग्री अहिले केन्द्रको अर्को पहिचान बन्दै गएका छन् ।

विशेषगरी माटोका चुलाहरू ग्राहकबीच निकै लोकप्रिय छन् । परम्परागत स्वाद र चुलोको न्यानोपन खोज्ने ग्राहकहरूले यी चुलालाई प्राथमिकताका साथ लैजाने गरेको मेहेतो दम्पती बताउनुहुन्छ । "आजभोलि पनि माटोको चुलो खोज्दै आउनेहरू धेरै हुन्छन्," दिनेश भन्नुहुन्छ, "पहिले मूर्ति लिन आउने ग्राहकले 'यस्ता अरू माटोका सामान पनि बनाउनुहुन्छ ?' भनेर सोध्न थाले । ग्राहकको यही चासो र मागपछि केन्द्रमा मूर्तिबाहेक अन्य सामग्री राख्ने क्रम सुरु भएको हो ।

दैनिक जीवनमा प्रयोग हुने भाँडाकुँडा, धुपदानी, माटोका बत्ती, फूलदानी, खुत्रुक्के र चुलो बिक्रीका लागि राखिएका छन् । "ग्राहकको रुचि बुझेर नै सामग्री थप्दै गयौं," दिनेश बताउँछन्, "आवश्यकताले नै हाम्रो सिर्जनालाई फराकिलो बनायो ।" यसले मेहेतो परिवारलाई अतिरिक्त आम्दानी मात्रै दिएको छैन, परम्परागत माटोको सीपलाई जोगाइराख्ने एउटा माध्यम पनि बनेको छ । दिनेश मूर्ति बनाउँदै गर्दा श्रीमती अर्को कुनामा माटोका सामग्रीलाई आकार दिइरहेकी देखिनुहुन्छ । त्यो दृश्य आफैँमा श्रम, सहकार्य र पारिवारिक आत्मनिर्भरताको कथा पनि हो ।

सानो ठाउँमा अटाएका यी माटोका सामग्रीहरूले केन्द्रलाई अझ जीवन्त बनाएका छन् । कतिपय ग्राहकहरू मूर्ति हेर्न छिर्छन् तर हातमा माटोको चुलो वा सजावटी सामग्री किनेर निस्किने गर्दछन् । यसरी जय माँ काली मूर्तिकला केन्द्रमा माटो केवल पूजा र आस्थासँग मात्र होइन, दैनिकी र जीवनशैलीसँग पनि जोडिएको छ ।

# राष्ट्रियसभामा तीन अध्यादेश पेस

काठमाडौँ, ९ माघ (रासस) ।

राष्ट्रियसभाको शुक्रबार बसेको बैठकमा गृहमन्त्री ओमप्रकाश अर्यालले तीन अध्यादेश पेस गर्नुभएको छ ।

बैठकमा मन्त्री अर्यालले 'मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा ऐन (दोस्रो संशोधन) अध्यादेश, २०८२' पेस गर्नुभएको हो ।

यस्तै, विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' सभासमक्ष पेस गर्नुभएको छ

यसैगरी विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले 'पर्यटन विधेयक, २०८१' सम्बन्धी समितिको प्रतिवेदन सभासमक्ष पेस गर्नुभयो ।

बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले राष्ट्रपति कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् गठन र कार्यभार तोकिएकोसम्बन्धी पत्रहरूको व्यहोरा पढेर सुनाउनुभएको थियो । बैठकले पूर्वमन्त्रीहरू ऋषिकेश गौतम, मोहम्मद अफ्ताब आलम, आमोदप्रसाद उपाध्याय, होमनाथ दाहाल र पूर्वसांसद कृष्णकुमारी श्रेष्ठको निधनमा शोक प्रस्ताव पारित गरेको छ । राष्ट्रियसभाको अर्को बैठक यही माघ १३ गते मङ्गलबार दिउँसो १:१५ बजे बस्नेछ ।

## रौतहटमा...

चालक रौतहटकै दुर्गाभगवती गाउँपालिका-२ पिपरा बजारका ३० वर्षीय अशोक महतो र बिआर ३० एएफ २३७० भारतीय नम्बरको मोटरसाइकल चालक रौतहटकै राजदेवी नगरपालिका-२ हजमिनियाका र २९ वर्षीय अरबिन्द महतो रहेका छन् ।

# जियोकले ३५ जिल्लाका दुई सय ५० पालिकामा निर्वाचन पर्यवेक्षण गर्दै

काठमाडौँ, ९ माघ (रासस)।
आमनिर्वाचन पर्यवेक्षण समिति(जियोक)नेपालले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण सुरु गरेको छ।

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी तुल्याउन सहयोग पुऱ्याउने उद्देश्यले जिल्ला र पालिकास्तरको पर्यवेक्षक गरी करिब चार सय जनालाई परिचालन गरेको छ।

नियोकका महासचिव कृष्णमान प्रधानले सातै प्रदेशका ३५ जिल्लाका २५० पालिकामा पर्यवेक्षण गर्ने र यसअघि पर्यवेक्षकलाई प्रशिक्षण प्रदान गरिसकेको बताउनुभयो।

जियोकमा नेपाल कानुन समाज, संविधान निगरानी समूह, नेपाल प्रेस इन्स्टिच्युटलगायत विभिन्न ११ वटा संस्था आबद्ध रहेका छन्।

जियोक र समाजले २०४८ सालदेखि प्रतिनिधिसभा, राष्ट्रियसभा, संविधानसभा, प्रदेशसभा, स्थानीय निकायका लागि हुने चुनावको पर्यवेक्षण गरी निर्वाचन आयोग, नेपाल सरकार र राजनीतिक दललाई देखिएका कमजोरी र असल अभ्यासबारे राय-परामर्श दिँदै आएको छ।

आगामी प्रतिनिधिसभा सदस्य निर्वाचन लक्षित पर्यवेक्षण कार्यमा आवश्यक सहयोग गर्न आयोग, सुरक्षा निकाय र राजनीतिक दलका प्रतिनिधिलाई जियोकको तर्फबाट अनुरोध गरिएको छ।

जियोकले निर्वाचअघिको अवस्था, निर्वाचनको दिन र निर्वाचनपछिको अवस्थाबारे पत्रकार सम्मेलनमार्फत प्रतिवेदन सार्वजनिक गर्ने महासचिव प्रधानले जानकारी दिनुभयो।

# निर्वाचन आचारसंहिता पालना गर्न आह्वान

काठमाडौँ, ९ माघ (रासस)।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र ढङ्गले सम्पन्न गर्न निर्वाचन आचारसंहिता पूर्ण रूपमा पालना गर्न आह्वान गरिएको छ।

नेपाल मानव अधिकार सङ्गठनका अध्यक्ष इन्द्रप्रसाद अर्याल र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष विजयराज गौतमद्वारा जारी विज्ञप्तिमा आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन निर्वाचन आचारसंहिताको प्रभावकारी पालना गर्न आह्वान गरिएको हो। निर्वाचनमा संलग्न सबै सरोकारवाला, राजनीतिक दल, उम्मेदवार, सरकारी निकाय, सुरक्षाकर्मी, सञ्चारमाध्यम तथा मतदातालाई निर्वाचन आचारसंहिता अक्षरशः पालना गर्न आह्वान गरिएको हो।

"स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन नै लोकतन्त्र सुदृढीकरणको आधार हो", विज्ञप्तिमा भनिएको छ, "अभियानले निर्वाचनलाई स्वच्छ र विश्वसनीय बनाउन निरन्तर निगरानी, सहकार्य र नागरिक सचेतनामा सक्रिय रूपमा लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौं।"

सुरक्षा निकायलाई निर्वाचन अवधिभर शान्तिसुरक्षा कायम गर्न निष्पक्ष र व्यावसायिक भूमिका निर्वाह गर्न तथा सञ्चारमाध्यमलाई जिम्मेवार, तथ्यपरक र सन्तुलित समाचार सम्प्रेषण गर्न आग्रह गर्दै मतदातालाई पनि कुनै पनि किसिमको प्रलोभन, दबाब वा गलत सूचनाबाट प्रभावित नहुन र आफ्नो मताधिकार स्वतन्त्र रूपमा प्रयोग गर्न अनुरोध दुई संस्थाले गरेको हो।

"निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो, निर्वाचन प्रक्रियामा हुने हिंसा, डरत्रास, मतदाता प्रलोभन, सरकारी स्रोतसाधनको दुरुपयोग, घृणात्मक अभिव्यक्ति, गलत सूचना तथा सामाजिक सञ्जालको दुरूपयोगले निर्वाचनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाउँछ", विज्ञप्तिमा भनिएको छ, "यस्ता गतिविधिलाई रोक्न निर्वाचन आयोगद्वारा जारी आचारसंहिता सबैका लागि बाध्यकारी हुनुपर्दछ।"

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान राजनीतिक दल र उम्मेदवारलाई शान्तिपूर्ण, मर्यादित र मुद्दा केन्द्रित चुनावी प्रतिस्पर्धा गर्न आग्रह गर्दै निर्वाचन आयोगलाई आचारसंहिता कार्यान्वयनमा थप प्रभावकारी भूमिका निर्वाह गर्न तथा उल्लङ्घनका घटनामा निष्पक्ष र कडाइका साथ कारबाही गर्न अनुरोधसमेत गरिएको छ।

"निर्वाचनका सम्पूर्ण प्रक्रिया हामीले नजिकबाट अवलोकन गरिरहेका छौँ, मनोनयन क्रममा देखिएको उत्साह र जनसहभागिता प्रशंसनीय छ", विज्ञप्तिमा भनिएको छ, "तर केही स्थानमा देखिएको तडकभडक र उत्तेजक गतिविधि आचारसंहिताविपरीत देखिएकाले सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छौँ।"

**मालपोत कार्यालय कंचनपुर,सप्तरीबाट जारी भएको छुट जग्गा दर्ता सहित नामसारी सम्बन्धमा**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

मिति:-२०८२।१०।०७

जि. सप्तरी कंचनपुर गाविस वार्ड नं.-६ हाल परिवर्तित ठेगना कञ्चनरुप न.पा. वडा नं. ८ बस्ने अजय कुमार रौनियारले मेरो बुवा नारायण साहुको नाममा फिल्डबुक दर्ता कायम रहेको तपसिलको जग्गा रहेकोमा निज जग्गाधनी नारायण साहु भन्ने नारायण प्रसाद रौनियारको मिति:-२०६५।०८।२० मा मृत्यु भएको र निज मृतकको हक अंश खाने/जाने निजको एकमात्र पत्नी हुलासी देवी रौनियारको पनि मिति:- २०७५।०७।१५ मा मृत्यु भएको तथा निज मृतक पति-पत्नीबाट तीन छोराहरु क्रमशः कृष्ण प्रसाद रौनियार------१, अरुण कुमार रौनियार------१ र अजय कुमार रौनियार------१ रहेकोमा जेठो र माईला छोरा क्रमशः कृष्ण प्रसाद रौनियार र अरुण कुमार रौनियार २०/२५ वर्ष देखि वैदेशिक रोजगारीको सिलसिलामा गएको र हालसम्म पनि खोजखबर तथा सम्पर्क विहीन भएको र निजहरुको हकअंश खाने पत्नी र छोराछोरीहरु समेत नभएको हुँदा तल उल्लेखित जग्गाको हकअंश खाने मृतक ज.ध.को एकमात्र छोरा म निवेदक रहेको हुँदा म निवेदकको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भन्ने व्यहोरा खुलाई द.नं. ७५२३ मिति:-२०८१।०३।०६ मा यस कार्यालयमा निवेदन दिएको हुँदा निज निवेदकको माग दावी बमोजिम निजको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी जग्गाधनी प्रमाण-पूर्जा दिन नमिल्ने वा सो जग्गा सरकारी, सार्वजनिक, पर्ति, ऐलानी, गुठी लगायत अन्य सँध-सँधियारहरुको जग्गा घुसी-घुसाई वा जग्गा मिचि नाप-जाँच भएको भए वा कोही कसैले तपसिलका जग्गाको हकमा दर्ता नामसारीको प्रकृयामा यो सूचना गर्नु पूर्व मिसिल भिडाई दर्ता प्रकृयामा रहे/भएको भए वा कुनै पनि अड्डा अदालतमा विचराधीन अवस्थामा रहे/भएको भए वा कसैको जग्गामा हकभोगको स्वामित्वमा असर पर्न जाने भए यो हकदावी सम्बन्धी ३५ दिने सूचना टाँस प्रकाशन भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र लेखिए बमोजिमको जग्गाको स-प्रमाण सहित यस कार्यालयमा उजुर/दावी गर्न आउनुहोला, तोकिएको म्याद भित्र कोही कसैको उजूर/दावी पर्न नआए निवेदकको माग दावीलाई कानून बमोजिम स्वीकार गरी छुट जग्गा दर्ता नामसारी भई जाने र यस विषयमा पछि कोही कसैको उजूर दावी नलाग्ने व्यहोरा समेत यसै सार्वजनिक सूचनाद्वारा अवगत गराइन्छ।

तपसिल

| मृतक ज.ध. | ज.ध.को बुवाको नाम | ज.ध.को हजुरबुवा को नाम | जिल्ला | गाविस | वार्ड नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलमा उल्लेख भएको |
|---|---|---|---|---|---|---|---|---|
| नारायण साहु भन्ने नारायण प्रसाद रौनियार | भजुली साहु रौनियार | कालीचरण रौनियार | सप्तरी | ओद्राहा | ५क | ३ | ०-५-१० | यो जग्गा कंचनपुर वार्ड नं.१ बस्ने नारायण साहुको नम्वरी हो। |

मालपोत अधिकृत

# देशभरका निर्वाचन क्षेत्रबाट ४९ उम्मेदवारले मनोनयन फिर्ता लिए : निर्वाचन आयोग

काठमाडौँ, ९ माघ (रासस)।
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका विभिन्न निर्वाचन क्षेत्रबाट ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको निर्वाचन आयोगले जनाएको छ।

आयोगले शुक्रबार आयोजना गरेको साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले हालसम्म विभिन्न निर्वाचन क्षेत्रबाट आयोगको प्रणालीमा प्राप्त जानकारीअनुसार ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको जानकारी दिनुभयो। यससम्बन्धी थप जानकारी आउनेक्रम जारी रहेको उहाँले बताउनुभयो।

उम्मेदवारी दर्तादेखि फिर्ता लिनेसम्मका निर्वाचन कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रूपमा भएको आयोगले जनाएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको पनि नामावली प्रकाशन गरी माघ १० गतेसम्म दाबी विरोधको समय दिइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

समानुपातिक प्रणालीका लागि राजनीतिक दलले गत पुस १३ र १४ गते बन्दसूची पेस गरेका थिए। माघ १० गते शनिबार समानुपातिकतर्फको दाबी विरोध सकिएपछि अन्तिम नामावली प्रकाशन गरिने त्यस अवसरमा जानकारी दिइयो।

प्रत्यक्ष निर्वाचनतर्फको अन्तिम नामावली शुक्रबार देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयमार्फत प्रकाशन गरिएको आयोगले जनाएको छ।

शुक्रबार ४ बजेदेखि ७ बजेसम्म ती कार्यालयमा दलका तर्फबाट र स्वतन्त्र रूपमा उम्मेदवारी दर्ता गरेका सबै उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिने आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो।

# वैशाखदेखि हालसम्म पाँच हजार ९६६ विपद्का घटना

काठमाडौँ, ९ माघ (रासस)।
गत वैशाखदेखि हालसम्म देशभर कुल पाँच हजार ९६६ वटा विपद्का घटना घटेका छन्। विपद्मा परेर चार सय २४ जनाको ज्यान गएको छभने एक हजार छ सय ४३ जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर ३८ जना बेपत्ता भएका छन् भने ११ हजार ५३५ परिवार प्रभावित भएका छन्।

प्राधिकरणका अनुसार सबैभन्दा धेरै आगलागीका घटना भएका छन्। दुई हजार ६९२ वटा आगलागीका घटना हुँदा ७५ जनाको अकालमा ज्यान गएको छ। यस्तै, चार सय ४२ जना घाइते हुँदा दुई हजार ९९६ परिवार प्रभावित भएका छन्। त्यसैगरी, पहिरोका मात्रै पाँच सय ७७ घटना घटेको छ। पहिरोमा परेर ७१ जना मृत्यु भएको छभने पाँच बेपत्ता छन् भने ८० जना घाइते भएका छन्।

प्राधिकरणका अनुसार बाढीको तीन सय १६, भारी वर्षाको चार सय २७, चट्याङको तीन सय ५२, सर्पदंशको पाँच सय ८० घटना घटेको छ। वन डढेलोको एक सय ८६, हुरीबतास दुई सय ९०, जनावर आक्रमण चार सय २२, लेक लाग्नुका एक सय पाँच घटना घटेको छ।

हिउँ पहिरोको सङ्ख्या पाँच छ। भूकम्प सात, डुङ्गा पल्टेर दुई, असिनापानी, शीतलहर, महामारी र हवाई दुर्घटना एक-एक घटना भएका छन्। पछिल्ला दिनमा त झन् आगलागीका घटनामा बढोत्तरी भएको छ। सामान्य सावधानी अपनाउँदासमेत न्यूनीकरण गर्न सकिने आगलागीका घटना न्यूनीकरण गर्न सकिने विभागको प्रष्टोक्ति छ।

# गोरखामा पूर्वप्रधानमन्त्री डा भट्टराईको उम्मेदवारी फिर्ता

गोरखा, ९ माघ (रासस)।
प्रतिनिधिसभा गोरखा क्षेत्र नम्बर २ बाट आगामी फागुन २१ गतेको निर्वाचनका लागि उम्मेदवारी दिनुभएका पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले शुक्रबार उम्मेदवारी फिर्ता लिनुभएको छ।

गोरखा नगरपालिका-८, स्थित निर्वाचन कार्यालयमा आफ्ना प्रतिनिधि नारायण खत्रीमार्फत डा भट्टराईले उम्मेदवारी फिर्ता लिनुभएको निर्वाचन अधिकृत मोहनप्रसाद बेल्बासेले जानकारी दिनुभयो। उहाँले प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) का तर्फबाट उम्मेदवारी दिनुभएको थियो।

त्यस्तै प्रगतिशील लोकतान्त्रिक पार्टीबाट गोरखा क्षेत्र नं १ का उम्मेदवार गोपालबाबु श्रेष्ठले पनि शुक्रबार आफ्नो उम्मेदवारी फिर्ता लिनुभएको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले जानकारी दिनुभयो। कार्यालयमा प्रस्तावक तथा समर्थकसहित उपस्थित भएर श्रेष्ठले उम्मेदवारी फिर्ता लिनुभएको हो। उहाँहरूको उम्मेदवारी फिर्ता भएसँगै आसन्न प्रतिनिधिसभाको निर्वाचनमा गोरखा क्षेत्र नं १ मा अब १२ जना र क्षेत्र नं २ मा १३ जना उम्मेदवार कायम भएको छ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण व्यवस्था मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भूमिसुधार तथा मालपोत कार्यालय, सप्तरी, राजविराज**

मिति : २०८२/१०/०८

उपरोक्त सम्बन्धमा वादी अरुना देवी यादव र प्रतिवादी जिल्ला सप्तरी गा.वि.स. कटैया वडा नं. ७ बस्ने भविलाल खंग संगको मि.नं. ३८ को मोही लगत कट्टा गरी पाउँ मुद्दामा यस कार्यालयको २०८२/०९/०६ गतेको आदेशानुसार १५(पन्ध्र) दिने म्याद सरहको सार्वजनिक सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस कार्यालयमा अड्डा खुल्ने समयमा हाजिर हुन आफै वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला। ऐन बमोजिम पुर्पक्ष हुने छ। अन्यथा कानुन बमोजिम तपसिलको जग्गामा माग दावी बमोजिम मोही लगत कट्टा भई जाने छ। म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुर बाजुर लाग्ने छैन।

तपसिल

| क.सं. | ज.ध. | मोही | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | अरुणा देवी यादव | भवीलाल खंग | कटैया | ७(क) | ४९२ | ०-६-० | |

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*